(क) स्थानीय तहले तर्जुमा गरेको कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन, पहिचान, प्रमाणीकरण र नाप नक्सा लगायतका कार्य प्रक्रियामा सहजीकरण गर्ने।

(ग) समुदायस्तर तथा सम्बन्धित सरोकारवालाहरूमा आयोगको काम कारवाहीहरू सम्बन्धमा प्रचारप्रसार एवं सूचना सम्प्रेषण गर्ने।

(५) वडाको लगत संकलन तथा नाप नक्साको कार्यमा कुनै विवाद वा बाधा अड्चन देखिएमा वा तथ्याङ्क संकलक वा नापी टोलीले सहजीकरणका लागि अनुरोध गरेमा उपदफा (२) बमोजिमको समितिले उपलब्ध तथ्य, प्रमाण, फिल्डको वस्तुस्थिति लगायतको अध्ययन र नापी टोलीको राय सुझाव समेतको आधारमा विवादको टुङ्गो लगाउने छ।

(६) उपदफा (२) बमोजिमको समितिले उपदफा (५) अनुसार विवाद समाधान गर्न नसकेमा सो समितिले आफ्नो राय तथा सिफारिससहित उपदफा (१) बमोजिमको समितिमा लेखी पठाउनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम लेखी आएमा उपदफा (१) बमोजिमको समितिले आवश्यक समन्वय र सहजीकरण गरी विवाद समाधान गर्नेछ।

(८) उपदफा (१) बमोजिमको समितिको बैठकमा संयोजकले सम्बन्धित वडा अध्यक्षलाई सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(९) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवार नभएको स्थानीय तहले उपदफा (१) र (२) बमोजिमको समिति गठन गर्नुपर्ने छैन।

स्पष्टीकरण: राष्ट्रिय मान्यता प्राप्त दल भन्नाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ बमोजिमको राष्ट्रिय दलको मान्यता प्राप्त राजनीतिक दलहरूलाई बुझाउने छ।

५. **जनशक्ति व्यवस्थापन र कार्ययोजना निर्धारण:** (१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्ने कार्य सम्पन्न गर्न सम्बन्धित स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र स्थापना गर्नुपर्नेछ। सेवा केन्द्रमा खटिने कर्मचारी र निजहरूको कार्य विवरण अनुसूची-१ (क) बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्रमा सम्बन्धित नापी कार्यालयबाट



खटिएको नापी टोलीका प्राविधिक कर्मचारीबाहेकका अन्य आवश्यक कर्मचारी सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा केन्द्रमा खटिने कर्मचारीले आयोगले तोकेको समयसीमा र कार्यपालिकाको निर्णयभित्र रहेर तथ्याङ्क संकलन सम्बन्धी कार्यलाई देहाय बमोजिमका क्रियाकलाप समेटी कार्ययोजना बनाई काम गर्नेछ।

(क) स्थानीय तहको अनौपचारिक तथा अव्यवस्थित भू-सम्बन्धको वस्तुस्थिति र परिवेश आंकलन,

(ख) तथ्याङ्क संकलन सम्बन्धी कार्य

१. तथ्याङ्क संकलनको तयारी, प्रचारप्रसार र सचेतना
२. तथ्याङ्क संकलन र प्रणालीमा प्रविष्टि
३. निवेदन दर्ताको निस्सा वितरण
४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको वडास्तरीय प्रतिवेदनको निर्माण
५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणमा सहजीकरण

(ग) नाप नक्सा गर्ने क्षेत्रको पहिचान र छनौटमा सहजीकरण

(४) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवार नभएको स्थानीय तहले उपदफा (१) अनुसारको सेवा केन्द्र स्थापना गर्नुपर्ने छैन।

६. **स्थानीय तहको अनौपचारिक भू-सम्बन्धको वस्तुस्थिति र परिवेश आँकलन:** (१) स्थानीय तहले आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले बसोबास वा आबाद कमोत गरेका बस्तीहरूको विवरण, प्रत्येक बस्तीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको अनुमानित घर परिवार संख्या लगायत अनुसूची-२ बमोजिमको ढाँचामा वडाअनुसारको प्रारम्भिक विवरण तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) अनुसार विवरण तयार गर्नुपूर्व प्रत्येक स्थानीय तहले बस्तीको तहगत क्षेत्र तोकिनसकेको भए देहायबमोजिम हुने गरी तोक्नु पर्नेछः-

(क) गाउँपालिकाको हकमा ग्रामीण क्षेत्र, सहरोन्मुख क्षेत्र, सहरी क्षेत्र, गाउँपालिकाको केन्द्र,

(ख) नगरपालिकाको हकमा ग्रामीण क्षेत्र, सहरोन्मुख क्षेत्र, सहरी क्षेत्र